नेपाल सरकार
अर्थ मन्त्रालय

# महालेखा नियन्त्रक कार्यालय

# Financial Comptroller General Office

शाखाः मानवश्रोत विकास, योजना तथा अनुगमन

नेपाल सरकार
अर्थ मन्त्रालय
महालेखा नियन्त्रक कार्यालय
अनामनगर, काठमाडौं

पत्र संख्याः २०७६/७७
चलानी नं.: 130

मितिः २०७६/०९/२४

विषयः राष्ट्रिय गोष्ठी सम्बन्धमा।

श्री कोष तथा लेखा नियन्त्रक कार्यालय, (सबै ८१)

प्रस्तुत विषयमा सार्वजनिक वित्त व्यवस्थापन सम्बन्धी कोष तथा लेखा नियन्त्रक कार्यालयहरुको राष्ट्रिय गोष्ठी, २०७६ तपसिल बमोजिमको मिति समय र स्थानमा हुने भएको हुँदा उक्त गोष्ठीमा कार्यालय प्रमुख अनिवार्य रुपमा सहभागी हुन यस कार्यालयको मिति २०७६/०९/२३ को निर्णयानुसार अनुरोध छ । उक्त गोष्ठीमा सहभागी हुन आउँदा देहाय बमोजिमको कागजातहरुको सफ्ट कपी तथा हार्ड कपीको साथै संलग्न सूची बमोजिमको विषयमा कोष तथा लेखा नियन्त्रक कार्यालयहरु बीच एकआपसमा समन्वय गरी प्रस्तुतीकरण तयार गर्ने र प्रस्तोता छनौट गर्ने व्यवस्था मिलाउन हुनको साथै प्रस्तुतीकरण गरिने विषयको सफ्ट कपी ईमेल (adeeplak@gmail.com, dila.giri@nepal.gov.np) मा २०७६ माघ ५ गते भित्र पठाईदिन हुन निर्देशानुसार अनुरोध छ ।

2076/9/24

डिलाराम गिरी
उप-महालेखा नियन्त्रक

तपसील

क. राष्ट्रिय गोष्ठी संचालन हुने

मितिः २०७६ माघ १३, १४ र १५ गते

समयः विहान ०८:१५ बजे

स्थानः Akama Hotel, धुम्बाराही मार्ग, काठमाडौं ।

ख. गोष्ठीमा सहभागीहरुले ल्याउनुपर्ने कागजातहरुः

- TSA, RMIS, CGAS, SuTRA, EFT विभाज्य कोषको वर्तमान अवस्था, समस्या र समाधानका उपायहरु
- प्रथम चौमासिकसम्मको आन्तरिक लेखा परीक्षणको अवस्था, आ.ले.प. मा देखिएका समस्या र समाधानका उपायहरु
- वित्तीय प्रतिवेदन र सूचना प्रविधिको व्यवस्था (कम्प्यूटर, नेटवर्क लगायत)

## शाखाः मानवश्रोत विकास, योजना तथा अनुगमन

- कार्यालयको कार्य बोझ (सेवा पुऱ्याउनु पर्ने कार्यालयको संख्या, स्थानीयतह र प्रदेश इकाई कार्यालयहरुको संख्या, पेन्सन प्राप्त गर्ने जिल्ला भित्रको संख्या आदी)
- लेखा समूहका कर्मचारी र पदपूर्तिको अवस्था (स्थानीयतह र प्रदेश कार्यालयमा समेत)
- पेश्की तथा बेरुजुको अवस्था
- जिल्ला भित्रको सरकारी सम्पत्ति (घर जग्गाको लगत, गाडीको लगत र अन्य सम्पत्ति)
- जिल्ला भित्रको खर्चको अवस्था

| जिल्लाको नाम | चालु खर्च | पुँजीगत खर्च | वित्तीय खर्च | जम्मा खर्च प्रतिशत |
|---|---|---|---|---|
| | | | | |

- कोलेनिकाले व्यहोरेको मूख्य मूख्य समस्याहरु
- तलवी प्रतिवेदन पारित गर्नुपर्ने कार्यालयको संख्या र हालसम्म पारित संख्या
- यस कार्यालयको सूचना प्रविधि शाखाबाट मिति २०७६/४/२९ गते भएको परिपत्र अनुसार Desktop/Laptop Computer को लगत पठाईदिने सम्बन्धी विवरण (नपठाएको हकमामात्र)
- प्रदेश तथा स्थानीय तहबाट केन्द्रीय कार्यक्रम र सःशर्त अनुदानको आ.व.२०७५/०७६ को बचत रकम फिर्ताको अवस्था (सामाजिक सुरक्षा, प्रधानमन्त्री रोजगार कार्यक्रम र सःशर्त अनुदानको रकम)

ग. गोष्ठीमा प्रस्तुत गरिने विषय तथा को.ले.नि.काहरुको समूहः-

कोष तथा लेखा नियन्त्रक कार्यालयहरुबाट प्रस्तुतिकरण हुने विषय र सहभागि कोष तथा लेखा नियन्त्रक कार्यालयहरुः

| सि.नं. | प्रस्तुतिकरणको विषय | सहभागी कोष तथा लेखा नियन्त्रक कार्यालयहरु | कैफियत |
|---|---|---|---|
| १ | वित्तीय व्यवस्थापनमा प्रदेश तथा स्थानीय सरकारसंगको अन्तरसम्बन्ध, समस्या र अन्तरसम्बन्ध प्रभावकारी बनाउने उपाय | प्रदेश नं. १ अन्तरगतका सबै जिल्लाहरु १४ जिल्ला | संयोजक को.ले.नि.का. धनकुटा |
| २ | स्थानीय तहमा वित्तीय प्रतिवेदन र SuTRA कार्यान्वयनका समस्या र सुधारका उपायहरु | प्रदेश नं. २ अन्तरगतका सबै जिल्लाहरु ८ जिल्ला | संयोजक को.ले.नि.का. रौतहट |
| ३ | वर्तमान अवस्थामा आन्तरिक लेखा परीक्षणलाई प्रभावकारी बनाउने व्यवहारिक उपायहरु | प्रदेश नं. ३ अन्तरगतका सबै जिल्लाहरु १३ जिल्ला | संयोजक को.ले.नि.का. ललितपुर |


अनामनगर, काठमाडौं, फोन-०१ ४७७१२९०, ४७७०७४९, ४७७०३५१ (ext-२९६), फ्याक्स. : ०१ ४७७१२९१
Email : hrdsection@fcgo.gov.np Web : www.fcgo.gov.np

शाखाः मानवश्रोत विकास, योजना तथा अनुगमन

| | | | |
|---|---|---|---|
| ४ | LMBIS/PLMBIS र TSA/STSA Integration का चुनौती र सुधारका उपायहरु | गण्डकी प्रदेश अन्तरगतका सबै जिल्लाहरु<br>११ जिल्ला | संयोजक<br>को.ले.नि.का. स्याङजा |
| ५ | आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ अनुसारको नियमावली बनाउँदा समेट्नुपर्ने मुख्य मुख्य विषयहरु | प्रदेश नं. ५ अन्तरगतका सबै जिल्लाहरु<br>१२ जिल्ला | संयोजक<br>को.ले.नि.का. बाँके |
| ६ | CGAS का कार्यान्वयनमा देखिएका समस्या र सुधारका उपायहरु | कर्णाली प्रदेश अन्तरगतका सबै जिल्लाहरु<br>१० जिल्ला | संयोजक<br>को.ले.नि.का. जुम्ला |
| ७ | लेखा समूहका कर्मचारिहरुको पेशागत आचारसंहिता, क्षमता तथा वृत्तिविकासको अवस्था र वित्तीय अनुशासन कायम राख्न चालिनुपर्ने कदमहरु | सुदुर पश्चिमांचल प्रदेश अन्तरगतका सबै जिल्लाहरु<br>९ जिल्ला | संयोजक<br>को.ले.नि.का. कञ्चनपुर |

नोटः

- दिईएको विषयवस्तुमा समूहगत अध्ययनको आधारमा बढीमा २० मिनेट समयभित्र प्रस्तुत गर्न सकिने गरी Powerpoint Presentation को व्यवस्थापन गर्नुपर्नेछ । यसरी बनाउने Powerpoint Presentation नेपाली फन्ट युनिकोड कालिमाटी र फन्टसाईज १२ मा बनाउनुपर्ने छ ।
- यसरी प्रस्तुतिकरण तयार गर्दा समूहमा परेका कोलेनिकाहरुले एकआपसमा समन्वय गरी विषयवस्तु तयार गरी प्रस्तुतिकरण गर्नुपर्नेछ ।
- संयोजक कोलेनिका ले आफ्नो समूहका कोलेनिकाहरुको समन्वय गर्नु पर्नेछ ।
- गोष्ठीमा सहभागी हुन आउने कार्यालय प्रमुखको नियमानुसारको दैनिक भ्रमण भत्ता र भ्रमण खर्च यस कार्यालयबाट व्यहोरिने छ ।
- सरकारी गाडी प्रयोग गर्नेहरुले अनिवार्य रुपमा इन्धनको विल र प्रमाणित लगसिट पेश गर्नुपर्ने छ।
- हवाईजहाज प्रयोग गर्नेको दैनिक भ्रमण भत्ता र भ्रमण खर्च बोर्डिङ पास प्राप्त भए पछि EFT मार्फत खातामा भुक्तानी गरिनेछ ।


अनामनगर, काठमाडौं, फोन-०१ ४७७१२९०, ४७७०७४९, ४७७०३५१ (ext-२९६), फ्याक्स. : ०१ ४७७१२९१
Email : hrdsection@fcgo.gov.np Web : www.fcgo.gov.np